# Accountability Watch Committee (AWC)

# जवाफदेहिता निगरानी समिति

**प्रेस विज्ञप्ति**

**वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीविरुद्ध हातपातको घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी कारवाही गरियोस्**

**२०८१ माघ २**

मुद्दाको पक्षलाई प्रतिनिधित्व गरेकै कारण काठमाडौं जिल्ला अदालत परिसरमा वरिष्ठ अधिवक्ता तथा जवाफदेहिता निगरानी समितिका सदस्य दिनेश त्रिपाठीमाथि हातपात भएको घटनाप्रति समितिको गम्भीर ध्यानाकर्षण भएको छ। निगरानी समिति उक्त घटनाको निन्दा गर्दछ।

यो घटना एउटा कानूनव्यवसायीमाथि मात्र लक्षित नभई कानूनी शासन, मानवअधिकार र स्वतन्त्र न्यायपालिकाविरुद्धको घटना भएकाले यस्ता घटनामा शून्य सहनशीलता अपनाउन सम्बन्धित सबै निकायलाई निगरानी समिति आह्वान गर्दछ।

वरिष्ठ अधिवक्ता त्रिपाठीविरुद्ध भएको आपराधिक कार्यमा संलग्न सबैलाई तत्काल कानूनी कारवाही गर्न र जुनसुकै कानूनव्यवसायीले आफ्नो मुद्दाको पक्षलाई निर्धक्क प्रतिनिधित्व गर्न सक्ने वातावरण सुनिश्चित गर्न नेपाल सरकारसँग निगरानी समिति जोडदार माग गर्दछ।

**जवाफदेहिता निगरानी समितिका तर्फबाट**,

जवाफदेहिता निगरानी समितिमा आबद्ध मानवअधिकारकर्मीहरू: राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरू: चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, डा. गोपालकृष्ण सिवाकोटी, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, ओमप्रकाश अर्याल, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, महामुनिश्वर आचार्य, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, मोहना अन्सारी, कमला पन्थी।